<u>गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना:</u> गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "गण्डकी प्रदेश औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा २ मा संशोधन:</u>** गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको) को दफा २ को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड" भन्नाले दफा २३ बमोजिम गठन भएको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड सम्झनु पर्छ।"

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको उद्योग प्रशासन सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ।"

(३) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको उद्योग प्रशासन सम्बन्धी विषय हेर्ने निर्देशनालय सम्झनु पर्छ।"

(४) खण्ड (ट) मा रहेका "कम्तिमा साठी प्रतिशत" भन्ने शब्दहरूको सट्टा "कम्तिमा चालीस प्रतिशत" भन्ने शब्दहरू राखिएको छ।

३. **<u>मूल ऐनको दफा ३ मा संशोधन:</u>** मूल ऐनको दफा ३ को,-

(१) "उपदफा (३) मा रहेका "यस ऐन लागु भएको मितिले नव्वे दिनभित्र प्रदेशको" भन्ने शब्दहरू झिकिएका छन्।"

(२) "उपदफा (४) मा रहेका "विधिवत दर्ता भएका" भन्ने शब्दहरूको सट्टा "प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भएका" भन्ने शब्दहरू राखिएको छ।"

(३) उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः-

"(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम दर्ता भएका कम्पनीले उद्योग सञ्चालनका लागि अनुमति लिन चाहेमा नयाँ उद्योग दर्ता सरहको प्रक्रिया अबलम्वन गर्नु पर्नेछ।"

४. **<u>मूल ऐनमा दफा ३क. थप:</u>** मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. **<u>उद्योग स्थापना गर्न नपाइने:</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारबाट स्वीकृत बस्तिविकास सम्बन्धी मापदण्ड विपरित हुने गरी वा खानी तथा भू-गर्भ विभागले भू-जोखिमको आधारमा निषेध गरेको क्षेत्रमा उद्योग स्थापना गर्न पाइने छैन।"

**५.** **<u>मूल ऐनको दफा ५ मा संशोधन:</u>** मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

**"५.** **<u>उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्ने:</u>** (१) दफा ४ बमोजिम प्राप्त निवेदन साथ पेश गर्नु पर्ने आवश्यक विवरण वा कागजात पेश भए नभएको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले जाँचबुझ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा पेश गर्नु पर्ने विवरण वा कागजात पेश गरेको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो विवरण वा कागजात पेश गर्नेको लागि सम्बन्धित निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा निवेदनसाथ पेश गर्नु पर्ने विवरण वा कागजात पेश गरेको देखिएमा निवेदन प्राप्त भएको मितिले र उपदफा (२) बमोजिम विवरण तथा कागजात माग गरिएकोमा त्यस्तो विवरण तथा कागजात प्राप्त भएको मितिले सात दिनभित्र उद्योग दर्ता गर्ने निकायले उद्योगको प्रकृति अनुसार पालना गर्नु पर्ने शर्त निर्धारण गरी तोकिएको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा त्यस्तो प्रमाणपत्रमा अन्य कुराका अतिरिक्त देहायका विवरण समेत खुलाउनु पर्नेछः-

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगको उत्पादन क्षमता,

(ग) उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि,

(घ) उद्योगले पालना गर्ने पर्ने शर्तहरू ।

(५) उपदफा (३) बमोजिम दर्ता भएका उद्योगले प्रचलित कानून बमोजिम अनुमति वा इजाजत लिनु पर्ने भएमा त्यस्तो कानून बमोजिम अनुमति वा इजाजत लिएरमात्र उद्योग स्थापना तथा सञ्चालन गर्नु पर्नेछ।"

**६.** **<u>मूल ऐनमा दफा १४क. थप:</u>** मूल ऐनको दफा १४ पछि देहायको दफा १४क. थपिएको छः-

**"१४क.** **<u>अभिलेख व्यवस्थित गर्नु पर्ने:</u>** (१) उद्योग दर्ता, नवीकरण, नामसारी, नाम परिवर्तन, स्थानान्तरण, क्षमता वृद्धि, पूँजी वृद्धि, उद्देश्य थप वा परिवर्तन र उद्योग खारेजी लगायतका उद्योग प्रशासनसँग सम्बन्धित अभिलेख सुरक्षित गर्ने दायित्व सम्बन्धित उद्योग दर्ता गर्ने निकायको हुनेछ।

(२) अभिलेख व्यवस्थित गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

७. **मूल ऐनको दफा १७ मा संशोधनः** मूल ऐनको दफा १७ को,-

(१) दफा शीर्षक र उपदफा (१) मा रहेको "प्राथमिकता प्राप्त उद्योग" भन्ने शब्दहरूको सट्टा "प्रादेशिक प्राथमिकता प्राप्त उद्योग" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) झिकिएको छ।

८. **मूल ऐनको दफा १९ मा संशोधनः** मूल ऐनको दफा १९ को उपदफा (२) पछि देहायको उपदफा (३), (४), (५) र (६) थपिएका छन्:-

"(३) दफा ५ बमोजिम दर्ता भएका उद्योगलाई संघीय कानून बमोजिम प्रदान गरिने छुट तथा सुविधा उपलब्ध गराइने छ।

(४) उद्योगलाई प्रदान गरिने छुट सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन।

(६) यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भइ सञ्चालनमा रहेका र यस ऐन बमोजिम दर्ता भइ सञ्चालनमा आउने लघु उद्यमको आयकर सम्बन्धी विषय औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ।"

९. **मूल ऐनको दफा २३ मा संशोधनः** मूल ऐनको दफा २३ को,-

(१) दफा शीर्षकमा र उपदफा (१) मा रहेका "औद्योगिक प्रवर्द्धन बोर्ड" भन्ने शब्दहरूको सट्टा "औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाउँठाउँमा रहेको "बोर्ड" भन्ने शब्दको सट्टा "औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड" भन्ने शब्दहरू राखिएका छन्।

१०. **मूल ऐनको दफा २४ मा संशोधनः** मूल ऐनको दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छः-

"२४. **औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको काम, कर्तव्य र अधिकारः** (१) दफा २३ बमोजिम गठन भएको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशको समग्र औद्योगिक प्रवर्द्धनको सम्बन्धमा नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) औद्योगिक प्रदुषण नियन्त्रण सम्बन्धी नीतिको कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने,

(ग) प्रदेशको औद्योगिक विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकार समक्ष सुझाव तथा सिफारिस गर्ने,

(घ) प्रदेशमा दर्ता भएका उद्योग व्यवसायीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने,

(ङ) प्रदेशभित्रका औद्योगिक क्षेत्रमा स्वदेशी लगानी अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यकता अनुसार अध्ययन अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(च) प्रदेशभित्रको भौगोलिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुने प्रकृतिका उद्योगहरूको सम्भाव्यता अध्ययन तथा अनुसन्धान गर्ने,

(छ) प्रदेशभित्र सार्वजनिक निजी र सहकारी क्षेत्रको प्रभावकारी समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने गराउने,

(ज) औद्योगिक व्यवसाय विकास र विस्तारका लागि प्रदेश तथा स्थानीय तहहरूबीच समन्वय गर्नु पर्ने विषयमा आवश्यक मार्गदर्शन गर्ने र समन्वयको आवश्यक व्यवस्था मिलाउने,

(झ) उद्योग सम्बन्धी संघीय कानूनको कार्यान्वयनमा कुनै द्धुविधा उत्पन्न भएमा त्यसको समाधानका लागि नेपाल सरकारको उद्योग व्यवसाय सम्बन्धी विषय हेर्ने मन्त्रालयमा लेखी पठाउन मन्त्रालयलाई निर्देशन दिने,

(ञ) एकल बिन्दु सेवा केन्द्रबाट प्राप्त हुने सेवा सुविधाको सम्बन्धमा नेपाल सरकारको उद्योग व्यवसाय सम्बन्धी विषय हेर्ने मन्त्रालयसँग समन्वय गर्ने,

(ट) प्रदेशमा दर्ता भएका उद्योगको प्रवर्द्धनको सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने वा गराउने।

(२) औद्योगिक व्यवसाय तथा लगानी प्रवर्द्धन बोर्डले प्रदेशको औद्योगिक तथा लगानी प्रवर्द्धनका लागि आवश्यक देखेका विषयमा मन्त्रालय मार्फत नेपाल सरकारको उद्योग व्यवसाय सम्बन्धी विषय हेर्ने मन्त्रालयमा सुझाव तथा सिफारिस गर्न सक्नेछ।"

११. **मूल ऐनको दफा २५ मा संशोधनः** मूल ऐनको दफा २५ को ठाउँठाउँमा रहेको "बोर्ड" भन्ने शब्दको सट्टा "औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड" भन्ने शब्दहरू राखिएका छन्।

१२. **मूल ऐनको दफा २६ मा संशोधन:** मूल ऐनको दफा २६ को ठाउँठाउँमा रहेको "बोर्ड" भन्ने शब्दको सट्टा "औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड" भन्ने शब्दहरू राखिएका छन्।

१३. **मूल ऐनको दफा २७ मा संशोधन:** मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

"२७. **एकल बिन्दु सेवा केन्द्रको स्थापना:** (१) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योग वा लगानीकर्ताले पाउने सेवा, प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सरल एवम् सहज प्रक्रियाद्वारा र प्रदेश सरकारका विभिन्न निकायबाट सम्पादन गरिने कार्यहरू समयमै एकै स्थानबाट उपलब्ध गराउने तथा उद्योग स्थापनाको अनुमति, दर्ता, विस्तार तथा खारेजीसम्मका उद्योग प्रशासन सम्बन्धी सेवाहरू प्रवाह गर्ने प्रयोजनको लागि प्रदेश सरकारले एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र रहने स्थान, केन्द्रका माध्यमबाट उद्योगहरूमा पुऱ्याइने सेवा र केन्द्रमा रहने निकायगत प्रतिनिधित्व तोकिए बमोजिम हुनेछ।

(३) एकल बिन्दु सेवा केन्द्रमा निकायगत प्रतिनिधित्वको लागि सम्बन्धित निकायले आवश्यक सङ्ख्यामा कर्मचारी खटाउनु पर्नेछ। त्यसरी खटाउँदा त्यस्तो कर्मचारीलाई प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले आवश्यक अधिकारसमेत प्रत्यायोजन गर्नु पर्नेछ।

(४) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) उद्योग दर्ता, अनुमति वा इजाजत, नवीकरण, कारोबार अनुमति र क्षमतावृद्धि लगायतका उद्योग तथा व्यवसाय प्रशासनसँग सम्बन्धित कार्य गर्ने,

(ख) प्रचलित कानून बमोजिम प्रदेश सरकारका निकाय वा मन्त्रालयबाट स्वीकृत हुने उद्योग क्षेत्रसँग सम्बन्धित वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी कार्य गर्ने,

(ग) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, सञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गर्ने तथा अन्य निकायहरूबीच सम्पर्क बिन्दु (फोकल प्वाइन्ट) सम्बन्धी कार्य गर्ने,

(घ) प्रचलित कानून बमोजिम उद्योग एवम् लगानीकर्तालाई प्राप्त हुने प्रोत्साहन, छुट सुविधा वा सहुलियत प्रदान गर्ने सम्बन्धमा प्रदेश सरकारबाट भएका निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ङ) औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(च) उद्योगलाई व्यवसाय दर्ताका लागि आवश्यक पर्ने कागजात पहिचान गरी विद्युतीय स्वरुपमा लिने र सबै निकायमा बिद्युतीय प्रणालीबाट अन्तरनिकायले प्रयोग गर्ने गरी प्रणालीको विकास गरी कार्यान्वयन गर्ने,

(छ) उद्योगलाई आवश्यक पर्ने खानी लगायतका निकायगत स्वीकृति आवश्यक पर्ने विषयमा निवेदन लिइ स्वीकृतिपत्र उपलब्ध गराउन निकायगत समन्वय गर्ने,

(ज) उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक समन्वय र सहजीकरण गर्ने, लिजमा जग्गा उपलब्ध गराउन सहयोग गर्ने र हदबन्दीभन्दा बढी जग्गा उपलब्ध गराउन आवश्यक समन्वय गर्ने,

(झ) उद्योग व्यवसायलाई आवश्यक पर्ने सबै प्रकारका सिफारिस तथा सहजीकरणको कार्य गर्ने,

(ञ) मन्त्रालय र औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको निर्णय वा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ट) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य कार्यहरू गर्ने।

(५) एकल बिन्दु सेवा केन्द्रको सञ्चालन, व्यवस्थापन एवम् सो केन्द्रबाट प्रदान गरिने सेवा सुविधा तथा सहुलियत र सोको प्रक्रिया सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।"

१४. **मूल ऐनको दफा २८ मा संशोधनः** मूल ऐनको दफा २८ को उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राखिएका छन्ः-

"(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई देहाय बमोजिमको जरिवाना गरी उद्योग दर्ता गराइ सञ्चालनमा ल्याउन तीस दिनको समयावधि दिन सक्नेछः

(क) लघु उद्यमको हकमा दश हजारदेखि पच्चीस हजार रूपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा पच्चीस हजारदेखि एक लाख रूपैयाँसम्म,

(ग) मझौला उद्योगको हकमा एक लाखदेखि दुई लाख रूपैयाँसम्म,

(घ) ठूला उद्योगको हकमा दुई लाखदेखि तीनलाख रूपैयाँसम्म।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र जरिवाना बुझाइ उद्योग दर्ता गरी सञ्चालनमा ल्याउन नसकेमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई सो उपदफा बमोजिमको जरिवाना असूल गरी उद्योग बन्द गर्न आदेश दिनेछ।"

१५. **मूल ऐनको दफा ३२ मा संशोधनः** मूल ऐनको दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छः-

"३२. **औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर सम्बन्धी व्यवस्थाः**

(१) औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग

वा स्थानलाई तोकिएबमोजिमका मापदण्डको अधिनमा रही प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा भएका प्रदेश औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टरहरूको सञ्चालन तथा व्यवस्थापन तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टरमा सञ्चालित उद्योगलाई प्रदेश सरकारले तोकिएबमोजिम सेवा, सुविधा र सहुलियत उपलब्ध गराउन सक्नेछ।

(४) यो दफा प्रारम्भ हुनु पूर्व प्रदेश सरकारले प्रदेश गौरव र प्रदेश रुपान्तरणकारी आयोजनाकारुपमा स्वीकृत गरेका प्रदेश औद्योगिक क्षेत्रसमेत यसै दफा बमोजिम घोषणा भएको मानिने छ।"

१६. **<u>मूल ऐनको दफा ३३ मा संशोधनः</u>** मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छः

"**३३. <u>भवन बनाउन वा बस्ती बसाउन नहुनेः</u>** (१) दफा ३२ बमोजिम घोषणा गरिएको प्रदेश औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दूरीभित्र कुनै पनि किसिमको आवासीय भवन वा अन्य भवन बनाउन वा बस्ती बसाउनु हुँदैन।

(२) उपदफा (१) बमोजिम तोकिएको क्षेत्र र दूरीभित्र रहेको कसैको निजी जग्गामा आवासीय भवन वा अन्य भवन वा बस्ती बसाउन नदिएको कारणबाट हानि नोक्सानी पुग्न जाने भएमा प्रदेश सरकारले सम्बन्धित व्यक्तिलाई मनासिब क्षतिपूर्ति दिनु पर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले घोषणा गरेका औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टरमा समेत कुनै पनि किसिमको आवासीय भवन बनाउन वा बस्ती बसाउन पाइने छैन।"

१७. **<u>मूल ऐनमा दफा ३४क. थपः</u>** मूल ऐनको दफा ३४ पछि देहायको दफा ३४क. थपिएको छः-

"**३४क. <u>प्रदेश व्यवसाय मञ्च सम्बन्धी व्यवस्थाः</u>** उद्योग व्यवसायसँग सम्बन्धित नीति एवम् कानूनको प्रभावकारी कार्यान्वयन, समन्वय तथा सहजीकरण सम्बन्धी विषयमा सार्वजनिक र निजी क्षेत्रबीच नियमित संवाद एवम् सहकार्यलाई प्रवर्द्धन गर्न, उद्योग व्यवसाय सञ्चालन र लगानी अभिवृद्धिमा आइपर्ने बाधा, अवरोध तथा समस्याको पहिचान गरी सरकारलाई आवश्यक सुझाव तथा सिफारिस एवम् निजी क्षेत्रबीच नियमित, परिणाममुखी र पारदर्शी संवादका लागि संस्थागत आधार प्रदान गर्ने उद्देश्यले प्रदेश सरकारले निजी क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी प्रदेश व्यवसाय मञ्चको गठन गर्न सक्नेछ।

(२) प्रदेश व्यवसाय मञ्चको गठन, संरचना, काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१८. **<u>मूल ऐनमा दफा ३५क. र ३५ख. थप:</u>** मूल ऐनको दफा ३५ पछि देहायको दफा ३५क. थपिएको छः-

"**३५क. <u>अख्तियारनामा दिन सकिने:</u>** (१) यस ऐन बमोजिम कुनै उद्योग वा सो उद्योगमा स्वामित्व भएको व्यक्तिले आफूले गर्नु पर्ने केही वा सबै काम गर्नको निमित्त कुनै व्यक्तिलाई अख्तियारनामा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको अख्तियारनामा बमोजिम काम गर्न त्यस्तो अख्तियारनामाको प्रतिलिपि नोटरी पब्लिकद्वारा प्रमाणित गराई उद्योग दर्ता गर्ने निकायमा उपलब्ध गराउनु पर्नेछ। उद्योग दर्ता गर्ने निकायले आवश्यक ठानेमा त्यस्तो अख्तियारनामाको सक्कल हेर्न सक्नेछ।

**३५ख. <u>स्थानीय कानून बमोजिम हुने:</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि लघु उद्योग र दश लाखसम्म स्थिर पुँजी भएका घरेलु उद्योगको दर्ता सम्बन्धित स्थानीय तहको कानून बमोजिम स्थानीय तहमा दर्ता गर्न सकिनेछ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम लघु उद्योग र घरेलु उद्योगको दर्ता सम्बन्धमा स्थानीय कानूनको व्यवस्था नभएसम्मकोलागि त्यस्ता उद्योगको दर्ता यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम दर्ता गर्न सकिनेछ।"

१९. **<u>मूल ऐनमा दफा ४१ थप:</u>** मूल ऐनको दफा ४० पछि देहायको दफा ४१ थपिएको छः-

"**४१. <u>खारेजी र बचाउ:</u>** (१) प्रदेश व्यवसाय मञ्च (गठन आदेश), २०७६ खारेज गरिएको छ।

(२) प्रदेश व्यवसाय मञ्च (गठन आदेश), २०७६ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिने छ।"

२०. **<u>मूल ऐनको अनुसुचीमा संशोधन:</u>** मूल ऐनको,-

(१) अनुसूची-१ को क्रमसंख्या (३), अनुसूची-२ को क्रमसंख्या (२७), अनुसूची-३ को क्रमसंख्या (१८), अनुसूची-४ को क्रमसंख्या (८), अनुसूची-५ को खण्ड (क) क्रमसंख्या (१८) र खण्ड (ख) को क्रमसंख्या (७), अनुसूची-६ को क्रमसंख्या (५०) झिकिएका छन्।

(२) अनुसूची-७ को,-

(क) क्रमसंख्या (८) मा रहेका "अपाङ्गहरूले प्रयोग गर्ने" भन्ने शब्दहरूको सट्टा "अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

(ख) क्रमसंख्या (९) मा रहेका "दुर्गम तथा अविकसित क्षेत्रमा" भन्ने शब्दहरूको सट्टा "महानगरपालिका र उपमहानगरपालिका क्षेत्र बाहेकको अन्य क्षेत्रमा" भन्ने शब्दहरू राखिएका छन्।